बैठक संख्या: ५९

आज मिति २०७६।११।२३ गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा तपशिल वमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ५६ औ बैठक वसि तपसिल वमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा (अध्यक्ष) | |
| २ | श्री मिना कुमारी सोमै मगर (उपाध्यक्ष) | |
| ३ | श्री बसन्त बहादुर जि.सी. (वडा अध्यक्ष, २ नं. वडा) | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर (वडा अध्यक्ष, ४ नं. वडा) | |
| ५ | श्री भिम बहादुर मर्सांगी मगर (वडा अध्यक्ष, ३ नं. वडा) | |
| ६ | श्री तुल बहादुर रोका मगर (वडा अध्यक्ष, ६ नं. वडा) | |
| ७ | श्री मुकुन्दराज शर्मा (वडा अध्यक्ष, १ नं. वडा) | |
| ८ | श्री सन्त बहादुर बराल मगर (वडा अध्यक्ष, ५ नं. वडा) | |
| ९ | श्री मोहम्मद हलिम हलुवाई (कार्यपालिका सदस्य) | |
| १० | श्री टंक प्रसाद सुनार (कार्यपालिका सदस्य) | |
| ११ | श्री सुशिला के.एम. (कार्यपालिका सदस्य) | |
| १२ | श्री चन्द्रिमा थापा मगर (कार्यपालिका सदस्य) | चन्द्रिमा |
| १३ | श्री जिवा सुनार (कार्यपालिका सदस्य) | जिवा सुनार |
| १४ | श्री खिमा सुवेदी (कार्यपालिका सदस्य) | खिमा |
| १५ | श्री अमर बहादुर घर्ती (सदस्य सचिव) | |

अन्य उपस्थिति:

| क्र.स. | नाम थर, पद | हस्ताक्षर |
|---|---|---|
| १ | श्री लक्ष्मण आचार्य अधिकृत (प्रशासन शाखा प्रमुख) | |
| २ | श्री लिलाराम सोमै योजना शाखा | |
| ३ | श्री गोविन्द प्रसाद पोखेल कार्यालय सहयोगी | गोविन्द |

Scanned with CamScanner

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, ५ नं. प्रदेश, नेपाल
२०७४

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

## मिति २०७६।११।२३ गते गाउँकार्यपालिका बैठकका बिषयबस्तुहरु

१. आर्थिक सहायता सम्बन्धमा ।

२. ढुंगा गिट्टि वालुवा अमानतमा दिने सम्बन्धमा ।

३. हंशपुर बृहत खानेपानी योजना सम्बन्धमा ।

४. कक्षा स्तरबृद्धि र नयाँकक्षा थप अनुमति सम्बन्धमा ।

५. प्राविधिकधार कक्षा संचालन अनुमती सम्बन्धमा ।

६. नमुना विधालय ... सरस्वती मा.वि. बागेशालको पुर्बाधार निर्माण सम्बन्धमा ।

७. पुर्ण सरसफाई घोषणा सम्बन्धमा ।

८. बस्ती स्थानन्तरण सम्बन्धमा ।

९. साविक बागेशाल गाउँ शिक्षाा समितिको बजेट सम्बन्धमा ।

१०. भकारो सुधार  वडा नं १, ५, ।

११. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना कार्यान्वयन सम्बन्धमा ।

१२. समिति गठन सम्बन्धमा ।

१३. विविध निर्णयहरु ।

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

११।२८
अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु**

**मिति २०७६ फाल्गुन १३ गते गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिका बैठकमा प्रस्तुत प्रस्तावहरु माथि छलफल गरी सर्वसहमतीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।**

**निर्णय नं. १. आर्थिक सहायता सम्बन्धमा ।**

देहायका संस्था र व्यक्तिलाई तपशिल बमोजिमको शिर्षकको निम्न बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र सं. | व्यक्ति, संस्थाको नाम र ठेगाना | रकम | |
|---|---|---|---|
| १ | सपना बादी वडा नं १ | ३००० | विपन्न असहाय कोष |
| २ | ईश्वरी सुनार वडा नं ५ | ३००० | विपन्न असहाय कोष |
| ३ | बलंविर वि.क. वडा न. ५ | ५००० | विपन्न असहाय कोष |
| ४ | ज्ञान कुमारी थापा वडा नं ३ | १५००० | दिर्घरोगी स्वास्थ्य सहायता कोष |
| ५ | पुर्ण बहादुर बादी वडा नं १ | १०००० | दिर्घरोगी स्वास्थ्य सहायता कोष |
| ६ | दिपक भण्डारी वडा न. २ | १०००० | दिर्घरोगी स्वास्थ्य सहायता कोष |
| ७ | ठग बहादुर सार्मे वडा न. २ | १५००० | दिर्घरोगी स्वास्थ्य सहायता कोष |
| ८ | शिवराज दर्लामी वडा नं २ | १५००० | बिपद व्यवस्थापन कोष |
| ९ | खगी मियाँ वडा नं १ | २०००० | बिपद व्यवस्थापन कोष |
| १० | कस्मिरा खातुन वडा नं १ | २०००० | बिपद व्यवस्थापन कोष |
| | जम्मा | १,१६,००० | |

**निर्णय नं. २. ढुंगा गिट्टि वालुवा अमानतमा दिने सम्बन्धमा ।**

ढुंगा गिट्टि वालुवा अमानतमा दिने सम्बन्धमा छलफल गर्दा ५ नं प्रदेश सरकारको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को दफा ७ बमोजिम कार्यालयबाट नदिजन्य पदार्थ (ढुंगा गिट्टि वालुवा) उत्खनन, संकलन र निकासीको लागी प्रकृया अगाडी बढाएकोमा दोश्रो पटक समेत दरभाउपत्र/बोलपत्र नपरेकोले सोही कार्यविधिको दफा ७ को उपदफा (६) बमोजिम अमानतमा काम गर्न सकिने व्यबस्था भएकोले चालु आ.ब. को बाकी अवधि (२०७६ चैत्र देखि २०७७ जेष्ठ सम्म) को लागी नदिजन्य पदार्थ ( ढुंगा गिट्टि वालुवा) उत्खनन तथा निकासीको लागी कायम हुन आउने परिमाण २२,४५० घन मीटर ५ न. प्रदेश सरकारको दररेट प्रति क्यु फिट रु ३ (प्रति टेक्टर रु. २८२.५० नबढने गरी ) मा र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको च.न.४८४ मिति २०७६।१०।१६ को नदिजन्य पदार्थ उत्खनन



Scanned with CamScanner

संकलन सहमती पत्र अनुसारको शर्त लागु हुने गरी र कुल उठेको रकमबाट भ्याट रकम घटाई बाकी रकमको ७५ प्रतिशत गाउँपालिका र २५ प्रतिशत अमानतमा काम गर्ने फर्मले पाउँने गरी तपशिलको ब्यवसायिक फर्मबाट अमानतमा नदिजन्य पदार्थ (ढुंगा गिट्टि वालुवा) उत्खनन संकलन र निकासीको प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपशिल

१. शंकर त्रिशक्ति निर्माण सेवा प्रा.ली ............सुनघाट(६५६० घ.मी) र ददेरी बगर (५९१० घ.मी.)

२. एम.सी निर्माण सेवा प्रा.ली .......द्वारेगौडा (क- ५७२५ घन मी.) र द्वारेगौडा (ख-४२९५ घ.मी)

**निर्णय नं ३. हंशपुर बृहत खानेपानी योजना सम्बन्धमा ।**

हंशपुर बृहत खानेपानी योजनामा जटिल प्रकृतिका कामहरु-टंकि निर्माण,सम्बवयल, पम्पहाउस जस्ता निर्माण कार्यहरु गत बर्षको बजेटबाट (ठेक्का प्रकृयाबाट) सम्पन्न हुने भएकाले, चालु आ.ब. को स्वीकृत बार्षिक कार्यक्रम अर्न्तगत हंशपुर बृहत खानेपानी योजना निर्माणमा विनियोजित रकम रु.१,३०,००,००० बाट स्थानीय जनसहभागीता परिचालन गरी प्राविधिक लागत ईष्टमेट अनुसार निम्न कार्य निम्नानुसार गर्ने निर्णय गरियो ।

क) निर्माण सामाग्री खरिद .....................कार्यालयबाट ई-विडिङ्ग बोलपत्रको माध्यामबाट ।

ख) निमार्ण कार्य सम्बन्धमा .......................उपभोक्ता समिति मार्फत (पाईपलाईन खन्ने काम, पुर्नेकाम र पाईप जोड्ने काम)

**निर्णय नं ४. कक्षा स्तरबृद्धि र नयाँकक्षा थप अनुमति सम्बन्धमा ।**

कक्षा स्तरवृद्धि र नयाँकक्षा थप अनुमति सम्बन्धमा छलफल गर्दा नेपाल सरकारको संघिय शिक्षा ऐन तथा नियमावली बमोजिम प्रकृया पुरा गरे नगरेको सम्बन्धमा तपशिलका बिधालयहरुको सामाजिक विकास समितिका संयोजक, प्रमुख प्रशासकिय अधिकृत, शिक्षा अधिकृत र सम्बन्धीत वडाको वडा अध्यक्षले अनुगमन गरी प्राप्त प्रतिबेदन र सिफारिसका आधारमा नियमानुसार तपशिलका विधालयहरुको कक्षा स्तरवृद्धि र नयाँकक्षा थप अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं | विधालयको नाम | ठेगना | कैफियत |
|---|---|---|---|
| १ | स्वर्गद्वारी ईङ्गलिस बोर्डिङ्ग स्कुल | सरुमारानी गाउँपालिका २ ददेरी | कक्षा २ र ३ स्तरोउन्नती |
| २ | अमरज्योती प्रा.वि. | सरुमारानी गाउँपालिका ५ राङ्गवाङ्ग | कक्षा २ स्तरोउन्नती |
| ३ | सरुमारानी दिवा शिशु स्याहार केन्द्र | सरुमरानी गाउँपालिका वडा नं ४ बड्डाडा | संस्थागत विधालयको रुपमा सरुमारानी बोर्डीङ्ग स्कुलको नाममा अनुमती माग |
| ४ | बालविकास केन्द्र सिम्ले | सरुमारानी गाउँपालिका वडा नं ६ | अनुमती माग |



Scanned with CamScanner

**निर्णय नं. ५. प्राविधिक धार कक्षा संचालन अनुमती सम्बन्धमा ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँपालिकाको चालु आ.ब. को बार्षिक कार्यक्रम अर्न्तगत श्री सरस्वती मा.वि. सरुमारानी गाउँपालिका वडा नं ३ चाभालाई **सब ईन्जीनियरीङ्ग बिषयको प्राविधिक धार** कक्षा संचालनको लागी अनुमती सिफारिस गर्ने निर्णय गरियो साथै यस गाउँपालिकाबाट विनियोजित बजेट रु १०,००,००० लाई निम्नानुसार बाडफाड गरी खर्च गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | कार्यक्रम विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | शिक्षक त.भ. (३ जनाको ३ महिनाको) | ३,००,००० | |
| २ | ल्याव सामाग्री खरिद (प्राविधिक धारतर्फ) | ४,५०,००० | |
| ३ | कम्प्युटर खरिद तथा मर्मत | २,२५,००० | |
| ४ | फर्निचर ब्यबस्थापन | १,२५,००० | १ लाख विधालयले व्यहोर्ने |
| ५ | सन्दर्भ सामाग्री खरिद तथा कक्षाकोठा ब्यबस्थापन | ५०,००० | विधालयले व्यहोर्ने |
| | जम्मा | ११,५०,००० | |

**निर्णय नं. ६. सरस्वती मा.वि. बागेशालको पुर्बाधार निर्माण सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको चालु आ.ब. २०७६।०७७ को सशर्त अनुदान विधालय भौतिक पुर्वाधार कार्यक्रम शिर्षक अन्तरगत नमुना विधालयको लागी विनियोजित रकम रु. १,५०,००,०००। रकमलाई कार्यान्वयन गर्ने सम्बन्धमा छलफल हुँदा श्री सरस्वती मा.वि. बागेशालको विधालय ब्यबस्थापन समितिको निर्णय अनुसार र सो विधालयको मिति २०७६।११।२२ च.न. १६६ को पत्र अनुसार प्राविधिक लागत अनुमान तयार गरी कायम हुने लागत अनुमान र प्राथमिकताको आधारमा तपशिलका योजनाहरु निम्न विधिबाट संचालन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | योजनाको नाम | कार्यान्वयन प्रकृया | कैफियत |
|---|---|---|---|
| १ | १० कोठे आवासिय भवनको माथिल्लो तला निर्माण | ठेक्का प्रकृया | |
| २ | १० कोठे दुई तले शैक्षिक भवन निर्माण | वि.ब्य.समिति मार्फत | उ.स. |
| ३ | दुईकोठे पालेघर निर्माण | ,, | |
| ४ | फर्निचर निर्माण १५० सेट | ,, | |

अमरबहादुर घर्ती प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ५ नं. प्रदेश, नेपाल

मगन बहादुर बिश्वकर्मा गाउँपालिका अध्यक्ष



Scanned with CamScanner

अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

**निर्णय नं. ७. पुर्ण सरसफाई घोषणा सम्बन्धमा ।**

चालु आ.ब. २०७६ चैत्र मसान्त भित्र सरुमारानी गाउँपालिकालाई पुर्ण सरसफाई भएको गाउँपालिका घोषणा गर्ने लक्ष्य लिइएकोमा सो कार्यको लागी गर्नु पर्ने काम बाकी रहन गएकोले पूर्ण सरसफाई भएको गाउँपालिका घोषणा गर्ने लक्ष्य २०७७ फागुन मसान्तमा सार्ने निर्णय गरियो ।

**निर्णय नं. ८. बस्ती स्थानन्तरण सम्बन्धमा ।**

साविक बागेशाल गाविस वडा नं ९ (हाल सरुमरानी गाउँपालिका वडा नं २) गनाहा बस्तीबाट करिब ६ कि.मी. टाढा जंगलको वीच भागमा, शिक्षा स्वास्थ्य खानेपानी यातायातको पहुँचबाट टाढाँ जोखिमयुक्त स्थान रहेको बाधेदमार भन्ने ठाउँमा बसोबास गरेका तपशिल बमोजिमका ५ घरपरिवार ( जनसंख्या ३१ जना) लाई उक्त स्थानबाट स्थानन्तरण गरी साविक बागेशाल गाविस वडा नं ९ ( हाल सरुमारानी गाउँपालिका वडा नं २) शो चुकाहाँ टोलमा रहेको कि.न. १०० को करिब १८ रोपनी प्रती ऐलानी जग्गामा हाललाई बसोबासको ब्यबस्था मिलाउने र ति ५ घरपरिवारलाई सो कि.न. १०० मा रहेको करिव १८ रोपनी जग्गा मध्ये प्रति घरपरिवार ३ रोपनी भन्दा नबढने गरि भोगचलन गर्न उपलब्ध गराउने निर्णय गरियो ।

घरमुलिको नाम थर

१) मोहन सुनार २) प्रेमलाल सुनार ३) भुमा सुनार ४)शान्ती कामी ५) टेक बहादुर सुनार

**निर्णय नं. ९. साविक बागेशाल गाउँ शिक्षा समितिको बजेट सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका भित्र पर्ने साविकको गाविस बागेशलले शिक्षा क्षेत्रमा काम गर्ने भनी छुट्टाईएको रकम तत्कालिन गाउँ शिक्षा समिति बागेशालको नेपाल बैक लिमिटेडको बैकखाता (खाता नं ०५२००१४१३७०१) मा रहेकोमा उक्त रकमलाई सरुमारानी गाउँपालिकाको खातामा हस्तान्तर गर्ने र गाउँ शिक्षा समिति बागेशालको नाममा रहेको खाता नं ०५२००१४१३७०१ बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०. भकारो सुधार वडा नं १, ५,**

चालु आ.व.को कृषितर्फको शसर्त अनुदान तर्फ भकारो सुधार कार्यक्रम अर्न्तगत तपशिलका घरधुरीहरू छनौट गर्ने निर्णय गरियो ।

| वडा नं. १ भकारो सुधार कार्यक्रम तर्फ | | | |
|---|---|---|---|
| क्रं.सं. | नाम थर | ठेगाना | कैफियत |
| १ | राधिका जि.सी. | सरुमारानी गा.पा.१ | २५००० |
| २ | रुद्र विर सुनार | सरुमारानी गा.पा.१ | २५००० |
| | | जम्मा | ५०००० |



अमरबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

| वडा नं. ५ भकारो सुधार कार्यक्रम तर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | नाम थर | ठेगाना | कैफियत |
| १ | सारदा खड्का | सरुमारानी गा.पा.५ | २५००० |
| २ | देवीराम पल्ली | सरुमारानी गा.पा.५ | २५००० |
| | | जम्मा | ५०००० |

**निर्णय नं. ११. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना कार्यान्वयन सम्बन्धमा ।**

प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत प्राप्त भएको रु. १०,००,००० बाट पहिलो प्राथमिकतामा रहेको मझेनी गौडा बेसारपानी मोटरबाटो निर्माण वडा नं २ को योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ समिति गठन सम्बन्धमा ।**

राष्ट्रिय परिचय पत्र तथा पन्जीकरण विभाग को मिति २०७६।११।१९ च.न. १२७२ असार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना संचालन निर्देशिका २०७४ (संशोधन २०७६) बमोजिम स्थानीय तहमा तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

क) स्थानीय समन्वय समिति

१. उपाध्यक्ष श्री मिना कुमारी सोमै .....अध्यक्ष

२. प्र.प्र.अधिकृत श्री अमर बहादुर घर्ती ....सदस्य

३ वडा अध्यक्ष श्री चिन्तबहादुर सोमै ....सदस्य

४. सामाजिक विकास अधिकृत श्री टुक प्रसाद काफ्ले ...सदस्य

५. श्री कल्पना खनाल ......सदस्य सचिव

ख) गाउँपालिका गुनासो सुनवाई समिति

१. प्रमुख प्रशासकिय अधिकृत श्री अमर बहादुर घर्ती ... संयोजक

२. सामाजिक विकास अधिकृत श्री टुक प्रसाद काफ्ले ...सदस्य

३. श्री कल्पना खनाल ......सदस्य सचिव

ग) वडा कार्यालयको गुनासो सुनुवाई समिति

१. वडा अध्यक्ष..............................................संयोजक

२. वडा अध्यक्षले तोकेको महिला वडा सदस्य...........सदस्य

३. वडा सचिव ..............................................सदस्य सचिव

**निर्णय नं.१३. विविध निर्णयहरु**

क) जेष्ठ नागरिक परिचय पत्र वितरणको लागी वडा स्तरीय सिविर संचालन गर्ने ।

ख) यस सरुमारानी गाउँपालिकाको वडा नं २ को वडा स्तरीय योजनामा चालु आ.ब. २०७६।०७७ को बार्षिक स्वीकृत योजना तथा बजेट कार्यक्रममा निम्नानुसार संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | स्वीकृत योजना तथा कार्यक्रम | स्वीकृत बजेट रु. | संशोधीत योजना तथा कार्यक्रमको नाम | संशोधित बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | खड्केश्वरी मा.वि. क्यान्टिन निर्माण | १,००,००० | दर्भान भगवती मन्दीर निर्माण | १,००,००० | थप |

ग) सरुमारानी गाउँपालिका वडा नं ५ जस्पुर, ढुंगेगढि स्वास्थ्य चौकीमा रिक्त रहेको कार्यालय सहयोगी पदमा ढुंगेगढि स्वास्थ्य चौकीको च.न. १५५ मिति २०७६।११।१६ को सिफारिस पत्र अनुसार कुमारी शोभा गाहालाई कार्यालय सहयोगी पदमा नियुक्ति दिने निर्णय गरियो ।

घ) श्रमरोजगार तथा सामाजिक सुरक्षा मंत्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७६।११।२३ च.न. ११६ को पत्र अनुसार यस कार्यालयमा कार्यालयमा कार्यरत रोजगार संयोजक अनुष्का महत्तोको करार अवधि २०७७ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णय गरी आजको बैठक समापन गरियो ।

प्रमाणिकरण मिति - २०७६।११।२८